# भाग ४

**श्री ५ को सरकार**

**जलस्रोत मन्त्रालयको सूचना**

श्री ५ को सरकारले मिति २०५५।२।२२ को निर्णयानुसार धनुषा जिल्ला, उमा प्रेमपुर २ बस्ने श्री जागेश्वर महासेठलाई नेपाल इन्जिनियरिङ सेवा, इलेक्ट्रिकल इन्जिनियरिङ समूह, जनरल इलेक्ट्रिकल उपसमूह राजपत्राकित तृतीय श्रेणीको इलेक्ट्रिकल इन्जिनियर पदमा एक वर्षको परीक्षणकालमा रहने गरी स्थायी नियुक्ति गरी आवास तथा भौतिक योजना मन्त्रालयअन्तर्गत भवन विभागमा पदस्थापन गरेको छ ।

**आज्ञाले,**
**विश्वराज रेग्मी**
**श्री ५ को सरकारको सचिव**

**श्री ५ को सरकार**

**महिला तथा समाजकल्याण मन्त्रालयको सूचना**

श्री ५ को सरकारले समाजकल्याण ऐन, २०४९ को दफा ५ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी समाजकल्याण परिषद्को सदस्य-सचिव पदमा डा. टीकाप्रसाद पोखरेललाई पुन: मनोनीत गरेको छ ।

**आज्ञाले,**
**रामेश्वर शाह**
**श्री ५ को सरकारको का.मु. सचिव**

१०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।